कनकाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी ,झापा

कोशी प्रदेश, नेपाल

## माईमेला सञ्चालनको शिलबन्दी दरभाउ पत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०८/२७

यस कनकाई नगरपालिकाको वडा नं. ४ महेन्द्र राजमार्ग उत्तर कोटिहोम पश्चिम कनकाई नदीको पूर्वी किनार क्षेत्रमा परम्परागत रुपमा सञ्चालन हुदै आएको धार्मिक रमाईलो माईमेला (मकरमेला) यस वर्ष पनि मिति २०८१/०९/२८ गते देखी २०८१/१०/०२ गते सम्म सञ्चालन हुने भएकाले उक्त मेलामा बजार तथा रमाईलो मेला संचालन गर्न ठेक्का लिन ईच्छुक व्यक्ति, फर्म, कम्पनीहरुले तपशिल बमोजिमको शर्त भित्र रही शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरीएको छ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | फारम दस्तुर | फारम बिक्री हुने अन्तिम मिति | फारम पेश गर्नु पर्ने अन्तिम मिति र समय | फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/07/2081-82 | माईमेला ठेक्का | रु. ११,००,०००।- | रु. १,०००।- | २०८१।०९।११ गते कार्यालय समय भित्र कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय | २०८१।०९।१२ गते १२:०० बजे भित्र यस नगरपालिकाको कार्यालय | २०८१।०९।१२ गते दिनको २:०० बजे नगरपालिकाको कार्यालय |

नोटः ठेक्का सम्बन्धी विस्तृत विवरण तथा अन्य शर्तहरु नगरपालिकाको सुचना पाटीमा वा नगरपालिकाको वेभसाईट www.kankaimun.gov.np मा जानकारी पाउन सकिने छ । योग्य दरभाउपत्रदाताहरुले यस सम्बन्धी थप जानकारीका लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यापालिकाको कार्यालय, जामुनबारी, झापामा, www.kankaimun.gov.np वा info@kankaimun.gov.np मा सम्पर्क राख्न सकिनेछ।

**शर्तहरुः-**

१. ठेक्का फारम खरिद गर्न ईच्छुक व्यक्तिहरुको हकमा नेपाली नागरिकता प्रमाणपत्र तथा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि, फर्म तथा कम्पनीको हकमा नविकरण भएको ईजाजत पत्र, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा आ.व. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी भए म्याद थपको पत्र र यस कार्यालयको राजश्व शाखामा रु.१०००।- जम्मा गरेको सक्कल रसिद संलग्न गरी मिति २०८१/०९/११ गते सम्ममा कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सकिने छ। खरिद भएका दरभाउपत्र सम्बन्धी कागजात मिति २०८१/०९/१२ गते दिनको १२:०० बजे सम्म यस कार्यालयको नाममा सम्बोधन गरी, दरभाउपत्र दाताको नाम, ठेगाना र फोन नं समेत स्पस्ट खुलाई फर्मको छाप लगाई लाहाछापद्वारा शिलबन्दी गरी पेश गर्नु पर्नेछ।

२. दरभाउपत्र सम्बन्धी कागजातमा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भर्नु पर्नेछ । प्राप्त भएका दरभाउपत्रहरु अन्तिम पेश गर्नु पर्ने दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोहि बमोजिम हुनेछ ।

निमित्त
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

४. दरभाउपत्र जमानत (मूल्य अभिबृद्धि कर बाहेक) कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको [illegible] बैं.लि. सुरक्षा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

५. दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धी कर बाहेक र मूल्य अभिबृद्धी कर सहितको दररेट उल्लेख गर्नु पर्नेछ। दरभाउपत्रमा अंक र अक्षर दुबैमा स्पष्ट लेखि प्रत्येक पानामा सहिछाप गरेको हुनु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएको ठाउँमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ ।

६. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी दरभाउपत्रमा भाग लिएको पाइएमा सो दरभाउपत्र रद्द गरी कालो सूचिमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिने छ । म्याद नाघी आएको, रीत नपुगेको र शसर्त पेश भएको दरभाउपत्रहरु मान्य हुने छैन ।

७. ठेकेदारले ठेक्का सदर भएको सूचना प्रकाशित मितिले ३ दिन भित्र मु.अ.कर र कबोल गरेको एक मुष्ठ रकम बुझाई मेला सञ्चालनका लागी ईजाजत पत्र लिई सक्नु पर्ने छ ।

८. ठेक्का रकम नगरपालिकाले उपलब्ध गराएको दररेटको अधिनमा रहि असुल गर्नु पर्नेछ ।

९. उच्चतम ठेक्का कबुल गर्ने प्रथम ठेकेदारले ७ दिन भित्र रकम दाखिला नगरेमा निजको धरौटी जफत गरी दोश्रो उच्चतम कबोल गर्ने ठेकेदार सँग सम्झौता गरिने छ ।

१०. मेला संचालन सम्बन्धमा प्रचलित कानून बाट निशेध गरिएका जोखिमयुक्त खेल खेलाउन तथा गतिधि सञ्चालन गर्न गराउन पाईने छैन।

११. छनौट भएको ठेकेदारले मेलाबजार व्यवस्थित गर्नका लागी देहायबमोजिमको दायित्व पुरा गर्नु पर्नेछ।

- छनौट भएको ठेकेदारले सरसफाई तथा धुलो नियन्त्रणका लागि पानी हाल्ने कार्य,
- फोहोरमैला व्यवस्थापनको कार्य,
- अस्थाई शौचालयको व्यवस्था,
- अस्थाई पुल निर्माण गर्ने कार्य (ह्युम पाईप राखेर),
- सी.सी. क्यामेरा जडान गर्ने कार्य,

## कनकाई नगरकार्यपालिकाबाट कनकाई माई मेलाका लागी कायम गरिएको दररेट

(सवारी पार्किङ्ग)

| सि.न. | विवरण | दररेट |
|---|---|---|
| १ | साईकल पार्किङ्ग शुल्क | २०।- |
| २ | मोटर साईकल पार्किङ्ग शुल्क | ५०।- |
| ३ | कार, जिप, भेन साना सवारी पार्किङ्ग शुल्क | १००।- |
| ४ | ठुला सवारी बस, ट्रक समेत पार्किङ्ग शुल्क | २००।- |

(भिटौरी कर)

| सि.नं. | विवरण | दररेट |
|---|---|---|
| १ | भिटौरी प्रती स्वायर फूट (स्पेशल) | रु. ८० |
| २ | भिटौरी प्रती स्वायर फूट (न्यनत्तम) | रु. २० |

गिरिस
[illegible] प्रशासकीय अधिकृत

Scanned with CamScanner